वा:पौ (साप्ताहिक)

# नगर सन्देश


कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक २ ● ने.सं. ११४० कछलागा बालाचःऱ्हे ● वि.सं. २०७६ मंसिर ९ गते, सोमबार ● 2019 November 25 Monday ● पृष्ठ ८

## कीर्तिपुरको गौरव योजना

# कीर्तिपुर युद्ध स्मारक पार्क







**लक्ष्मीकुमार महर्जन “उदास”**

कीर्तिपुर नगरपालिकाको जंगलमा लगभग ४४ रोपनी जग्गामा गोर्खा राज्य विस्तारको क्रममा गोर्खा र कीर्तिपुर बीचको युद्धको सम्झनामा कीर्तिपुरमा कीर्तिपुरकै गौरवको योजना कीर्तिपुर युद्ध स्मारक पार्क निर्माणको काम तिब्र गतिमा भइरहेको छ। कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन र काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले संयुक्त रुपमा शिलान्यास गर्नुभएको सो पार्क कीर्तिपुर वडा नं. १, वडा नं. २ र वडा नं. १० पनि छुने गरी फैलिने छ।

कीर्तिपुरको विकासमा यो एउटा महत्वपूर्ण पार्क हुनेछ। यस पार्कमा कीर्तिपुरको इतिहास, साँस्कृतिक पहिचानका साथै राजनैतिक परिवर्तनमा कीर्तिपुरबासीले खेलेको भूमिकालाई उजागर गरिनेछ। यस युद्ध स्मारक पार्क निर्माण कार्य सम्पन्न भएपछि कीर्तिपुरमा एउटा नयाँ आयाम थपिनेछ र “हाम्रो कीर्तिपुर, समृद्ध कीर्तिपुर'' भन्ने नारा सार्थक हुने कुरामा विश्वस्त हुनुहुन्छ मेयर रमेश महर्जन। हरियाली जंगल, तात्कालीन युद्धका दृष्य, कीर्तिपुर गढ पर्खाल, योद्धाहरूको सालिक, साँस्कृतिक सम्पदायुक्त पाटी, कीर्तिपुरको इतिहास, मूर्त अमूर्त साँस्कृतिक सम्पदाहरू, पर्यटकीय स्थानहरू हेर्ने र पढ्नको लागि एक सङ्गाहालय आदि यस युद्ध स्मारह पार्क भित्र बन्नेछ। जहाँ लिच्छिविकालदेखि चलनचल्तिमा रहेका विभिन्न सरसामानहरू, साँस्कृतिक महत्वका किताबहरू, बाजाहरू, यद्धमा प्रयोग भएका हातहतियारहरू, किसानहरूले प्रयोग गर्ने विभिन्न सरसामानहरू, विभिन्न फोटोहरू सकेसम्म सङ्कलन गर्ने साथै डकुमेन्ट्री, स-साना चलचित्रहरू समेत हेर्न सकिनेछ।

शान्त वातावरणमा रमाइलो गर्ने, सरसफाइ, सुरक्षा हुनुका साथै समाजमा नकारात्मक असर पार्ने कुनै पनि कामहरू यस स्मारक पार्कमा निषेध हुनेछ। चारैतिर पर्खाल बनाउने काम सम्पन्न भैसकेको छ भने हाल सिपाईहरू बस्ने ठाउँ, मूर्तिहरू राख्ने ठाउँ बनिरहेको छ। केहि महिना पहिले सम्पन्न मूर्ति कार्यशाला गोष्ठिमा निर्मित “भैरवको मूर्ति” र कुँदिएको “खड्ग”लाई विधिवत रुपमा राखिनेछ। यसरी कीर्तिपुरको युद्धलाई फेरि पनि स्मरण गर्नको लागि युद्ध स्मारक पार्क बनाई इतिहास भनेको जित्नेले मात्र लेख्ने भन्ने भनाईलाई मिथ्या सावित गर्दै इतिहास गलत व कसैप्रति पूर्वाग्रह राखेर लेखेको कीर्तिपुरको इतिहास यस युद्ध स्मारक पार्कमा झल्कनेछ। कीर्तिपुरको गौरवको योजना युद्ध स्मारक पार्क ३ वर्ष भित्र सम्पन्न हुने कार्ययोजना छ।

*(अध्यक्ष, कीर्तिपुर युद्ध स्मारक पार्क उपभोक्ता समिति)*

## सम्पादकीय

# जेष्ठ नागरकलाई सम्मान गरौं

उमेरले ६० कटेका व्यक्तिहरूलाई नेपाल सरकारले जेष्ठ नागरिकको परिभाषा गरेको छ। स्वर्गीय मनमोहन अधिकारी प्रधानमन्त्री हुँदादेखि वितरण गर्न थालिएको जेष्ठ नागरिकहरूलाई बृद्ध भत्ता हालसम्म पनि निरन्तर कायमै छ। अझ हाल आएर सामाजिक सुरक्षा भत्ता शीर्षकमा एकल महिलालाई समेत मासिक भत्ता प्रदान गरी बृद्ध भत्ता प्रति महिना रु. दुई हजार पुऱ्याएको छ। अझ यसलाई बढाउने सरकारको योजना छ।

जेष्ठ नागरिक भनेको भत्ता पाउने मात्र कदापि होइनन्। उनीहरूले यो देशलाई प्रत्यक्ष अप्रत्यक्ष रुपले धैरै योगदान गरिरहनु भएको छ। जब ६० कट्छ, जीवनमा अलिकति थाकेको अनुभव हुन्छ। त्यसैले नेपाल सरकारले पनि हाल आएर निजामति कर्मचारीहरूको उमेर हदबन्दी पनि ६० वर्ष तोकेको छ। यसपछि त्यति फूर्तिका साथ काम गर्न नसकिने भनेर आराम गर्नलाई यो उमेर हद तोकेको हो। जीवनको उत्तरार्द्धमा धैरै कसरत नगरिकन आरामकै जीन्दगी विताउनकै लागि राज्यले आफ्नो दायित्व निर्वाह गरी जेष्ठ नागरिक भत्ता दिँदै आएको हो।

जेष्ठ नागरिक समाजका बोझ होइनन्, उनीहरू त मार्ग निर्देशक भएकोले उचित सम्मान गर्नु राज्यको दायित्व पनि हो। अहिले चिसो मौसम शुरु भएको छ। जेष्ठ नागरिकहरू चिसोका कारणले प्राय विरामी हुने गर्दछन्। त्यसैले धैरै नभए पनि अलिकति भएपनि राहत हुने विश्वासले मंसिर ७ गते शनिवाः कीर्तिपुर नगरपालिकाले आफ्ना ८० वर्ष देखि माथिका जेष्ठ नागरिकहरूलाई न्यानो कपडा वितरण गरेको हो। कपडा वितरण कार्यक्रममा जेष्ठ नागरिकहरूले सम्मान स्वरुप न्यानो कपडा प्राप्त गर्नु भयो। यो पनि एक किसिमको जेष्ठ नागरिकप्रति सम्मान नै हो।

सबैको घरमा एकनास हुँदैन। कसैले आफ्ना जेष्ठ नागरिकलाई वास्ता नगरिकन त्यतिकै राखिरहेको उदाहरणहरू पनि धैरै छन्। त्यसैले पनि बृद्धाश्रमहरू खोलेर राखेको थुप्रै छन्। ती बृद्धाश्रमतिर गएर हेर्यौं भने पनि धैरै यस्ता उदाहरणहरू भेटिन्छन्। हाम्रो नगरपालिकाले पनि त्यस्ता घरबाट अपहेलित बृद्धहरू समेतलाई मनभुलाउनको लागि विभिन्न स्थानमा बृद्ध स्याहार केन्द्र खोल्ने र विभिन्न स्थानहरूमा बृद्धाश्रम बनाउने र भएका बृद्धाश्रमलाई पनि स्तरोन्नति गर्ने प्रयाश नगरपालिकाले गर्दैछ।

# कीर्तिपुरमा मेलम्चीको पाइपलाईन अन्तिम चरणमा




बहुप्रतिक्षित राष्ट्रिय गौरवको योजना मेलम्ची खानेपानी आयोजनको पाइप लाइन विस्तार कीर्तिपुरमा अन्तिम चरणमा पुगेको छ। कीर्तिपुर गेट नयाँबजारमा संकलन हुने मेलम्चीको पानी कीर्तिपुर नगर क्षेत्रमा वितरण गर्न लायकूस्थित र क्वाःच्व (उमामहेश्वर) स्थित ट्यांकीसम्म जोड्ने कामहरू भइरहेको छ। चिलंच्वस्थित ट्यांकीसम्म भने पाइप लाइन जोड्ने काम सम्पन्न भइसकेको छ। यसपछि कीर्तिपुरमा पानीको समस्या समाधान हुने बताइएको छ।

## कीर्तिपुरमा वान–वे

कीर्तिपुर नगरपालिकाको अति ब्यस्त सडक कीर्तिपुरको धःपा चोकदेखि लोकतान्त्रिक चोकसम्मको बाटोलाई एकतर्फि (वान वे) बनाई रहेकोमा कार्यान्वयनमा फितलो भएका कारण सवारी आवागमणमा बाधा परिरहेको छ। नगरपालिका र ट्राफिक कार्यालयको संयुक्त पहलबाट अब देखि उक्त सडक खण्डमा दुई पाङ्ग्रे सवारी साधनका लागि बाहेक एकतर्फि जाने गरी कडाई गर्ने भएको छ। कीर्तिपुर छिर्ने मुख्य सडक त्रिभुवन विश्वविद्यालयबाट पनि अत्याधिक भार भएका गाडिहरू (हेभि लोड) विहान ७ बजेदेखि ११ बजे सम्म र अपरान्ह ४ बजे देखि ७ बजे सम्म निषेध गरिएको छ।

## कीर्तिपुर नगरमा सिसि क्यामेरा पुनः चालु

कीर्तिपुर नगरका विभिन्न स्थानहरूमा सिसि क्यामेरा जडान गरिएको छ। बाक्लो वस्तिसँगै विभिन्न अपराधिक घटना नहोस् र भएपनि त्यस्ता घटनाको बारेमा सत्यतथ्य थाहापाउन सिसि क्यामेरा जडान गरिएको हो। हाललाई ३ नं. वडा कार्यालय परिसर, धःपा, ससः रेष्टुरेण्ट परिसर, पाँगा दोबाटो, नगाउँ दोबाटो र ऐतिहाँसिक र पुरातात्विक क्वाःच्व मन्दिर परिसर लगायत ७ ठाउँमा १२ वटा सिसि क्यामेरा राखिएको थियो। गत वर्षदेखि नै सञ्चालनमा आएको उक्त क्यामरा विभिन्न कारणले नचलेको उक्त सिसि क्यामेरा मर्मत पछि पुनः सञ्चालनमा आएको छ।

# काठमाडौं ईन्जिनियरिङ्ग कलेजसँग कीनपाले सहकार्य गर्ने

काठमाडौं ईन्जिनियरिङ्ग कलेज, कालिमाटीले अनुसन्धानकर्ता र विज्ञहरूको छलफल कार्यक्रमको आयोजना गरेको थियो । गत कार्तिक ३० गते शनिबार भएको उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पानसमा बत्ती बालेर गर्नुभएको थियो ।

मेयर महर्जनले व्यवस्थित शहरी विकास योजनाबारे बोल्नु हुँदै काठमाडौं ईन्जिनियरिङ्ग कलेजसंग सहकार्य गरेर अघि बढ्ने बताउनु भएको थियो ।




# क्याट आई जडान सम्पन्न



अँध्यारोमा सवारी दुर्घटना न्यूनिकरणका लागि क्याट आई जडान कार्य सम्पन्न गरेको छ। कीर्तिपुर नगरपालिकाले सो जडान गरेको हो।

लेबरेटोरी स्कूलदेखि कीर्तिपुरको ताहाल्चा सम्मको फराकिलो बाटोमा क्याटआई (सडकमा प्रकाश परेपछि देखिने बत्ती) राखेको हो। ४ मिटरको फरकमा सडकको दाँया र बाँया गरी करीब ७०० वटा राखिएको छ। जसले गर्दा राति सवारी आवागमणमा सडक कहाँसम्म छ भन्ने कुरा थाहापाउन सकिन्छ।

# फिल्ड निरीक्षण



कीर्तिपुर नगरपालिका भित्र सञ्चालित विभिन्न योजनाहरूको निरीक्षण गर्ने क्रममा कीर्तिुरि नगरपालिकाका विभिन्न खानेपानी आयोजना र ढल निकासको बारेमा अनुगमन भएको छ। कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन र उपप्रमुख सरस्वती खड्काको नेतृत्वमा खानेपानी तथा सरसफाइ विभागका आयोजना प्रमुख नन्द बन्जाडे लगायत ईन्जिनियरहरूबाट स्थलगत निरीक्षण भएको थियो। यस क्रममा उहाँहरूले गत कार्तिक २७ गतेका दिन टोलीले भत्क्यापाटी, छुगाउँको ढल निकास तथा दुधपोखरी, राउतेभीर र तामाङ्ग गाउँमा बृहत खानेपानी आयोजनको बारेमा निरीक्षण गर्नुभएको थियो।

यसै गरि नगरपालिकाका मेयर रमेश महर्जन, वरिष्ठ ईन्जिनियर बालकृषेण महर्जन र ईन्जिनियर कृष्णभोला महर्जनको टोलीले यहि मंसिर ३ गते कीर्तिपुर नगरपालिका वडा नं. ७ स्थित उज्ज्वल स्कूल र इटागोल जाने दोबाटोदेखि स्टील ट्यांकी भएको चोकसम्म फुटपाथ बनाउनेबारे स्थलगत निरीक्षण गरेको छ। करीव १४० मिटर लम्बाइमा दाँयाबाँया २ मिटरको फुटपाथ बनाउनको लीग नगरपालिकाले बजेट विनियोजन गरिसकेको छ। यसै क्रममा वडा नं. ७ मै स्टील ट्यांकी चोकदेखि भाजंगालको भित्री बाटोमा पनि ब्लक छाप्ने कार्यको निरीक्षण भयो। उक्त बाटो १० मिटर चौडा हुनुपर्ने मापदण्डअनुसार कुनै कुनै घरको पर्खाल भत्काउनु पर्ने भएकोले घरधनीहरू नमान्दा अप्ठ्यारो भैरहेको वडाअध्यक्ष राजकुमार मालीले टोली समक्ष जानकारी गराउनु भयो।

कीर्तिपुर नगरपालिका वडा नं. ६, चोभारमा शसस्त्र प्रहरीको चेकप्वाइन्टबाट आदिनाथ स्कूल जाने उकालो बाटोको स्तरोन्नति कार्यको पनि निरीक्षण गर्नुभयो। १० मिटर मापदण्ड अनुसार नगरपालिकाले उक्त चौडा बनाएको हो। त्यस्तै वडा नं. ६ भूतखेल स्थित शिव मन्दिरको पनि निरिक्षण गर्नुभयो। उक्त निरिक्षणमा उपमेयर सरस्वती खड्काको पनि उपस्थिति रहेको थियो। उक्त शिव मन्दिरमा तल्ला थप्नेका साथै अरुपनि योजना रहेको छ।

# प्रदेश नं. ३ सरकारको कीर्तिपुर अस्पताल निरीक्षण

प्रदेश नं. ३ को सामाजिक विकास मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले कीर्तिपुर नगरपालिका वडा नं.२ स्थित कीर्तिपुर अस्पतालको निरीक्षण गर्नु भएको छ। यही मंसिर २ गते उक्त अस्पतालको निरीक्षण गर्नुहुँदै कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनलगायतसँग छलफल पनि गर्नु भएको थियो।

नगरपालिकाका मेयर महर्जनलगायत फेक्ट नेपालका डाईरेक्टर डा. भरत प्रधान, कीर्तिपुर अस्पतालका डाईरेक्टर डा. पेरु प्रधान, कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल र कीर्तिपुर नगरपालिकाका वरिष्ठ अधिकृत सानुबाबु परियारसँग अस्पताल संचालनबारेमा छलफल गर्नु भएको थियो। स्मरण रहोस् प्रदेश सरकारले कीर्तिपुर अस्पताललाई भौतिक पूर्वाधार निर्माणका लागि रु. २ करोड रुपैंया पूँजिगत बजेट विनियोजन गरेको थियो।

# उपप्रमुखद्वारा गुरुमांलाई शुभकामना

कीर्तिपुर-६ सुन्दरीघाटमा अवस्थित सुलक्षणकीर्ति विहारका विहार प्रमुख श्रद्धेय डा. अनोजा गुरुमां प्रवजित हुनुभएको ५० बर्ष प्रवेश गरेको उपलक्ष्यमा ऋषिणी प्रवज्या, साप्ताहिक महापरित्राण पाठ र सम्मान कार्यक्रमको आयोजना गरिएको थियो।

२०७६ मंसीर १ भएको उक्त कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि संविधानसभाका पूर्व सभामुख सुवासचन्द्र नेम्वाङले पानसमा दीपप्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो। महापरित्राणको सामूहिक पाठ सम्पन्न भएपछि सुरु भएको कार्यक्रममा कीर्तिपुर नगरपालिकाका उपप्रमुख सरस्वती खड्काले डा. अनोजा गुरुमांलाई शुभकामना दिनुहुँदै सुलक्षणकीर्ति विहार र गुरुमांसंग मिलेर धेरै कार्यहरू गर्नुपर्ने बताउनु भयो।

कार्यक्रममा पूर्वराज्यमन्त्री तीर्थराम डंगोलले डा. अनोजालाई शुभकामना दिंदैने कीर्तिपुर नगरपालिकाले चाँडै प्रस्तावित अस्पताल र बृद्धाश्रमको भवन निर्माणको लागि नक्शा पास गरिदिनुपर्ने बताउनु भएको थियो। विहार प्रमुख डा. अनोजा गुरुमांले धन्यवाद ज्ञापन गर्दै पुन्यानुमोदन गर्नुभएको थियो।

# प्रदेश सरकारले निर्माण गर्दै गरेको कार्यविधि निर्माण सम्बन्धी छलफलमा कीनपा प्रमुखको सहभागिता

प्रदेश नं. ३ को आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा आयोजित एक कार्यक्रममा कीतिपुर नगरपालिकाका मेयर रमेश महर्जन सहभागी हुनु भएको छ। गत कार्तिक २० गते हेटौंडामा भएको उक्त कार्यक्रममा स्थानीय तहसँगको साझेदारीमा सञ्चालन गरिने उक्त कार्यक्रमको सम्बन्धमा मन्त्रालयले तयार गरेको प्रस्तावित कार्यविधिहरू माथि अन्तरक्रिया भएको थियो।

शान्ति पार्क निर्माण कार्यविधि/मापदण्ड, २०७६, न्यायिक समितिको इजलास निर्माण सम्बन्धी कार्यविधि, २०७६, स्थानीय तहसँग सुरक्षा व्यवस्थापन साझेदारी सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा छलफल भइ निर्णय भएको थियो।



"कसैलाई पनि पछाडि नछोदौं" भन्ने मूल नाराका साथ नोभेम्बर १९ तारिखका दिन विश्व चर्पि दिवस मनाएको थियो। कीर्तिपुर नगरपालिकाले वडा नं. ७, भाजंगलमा बनाएको जेण्डर इक्वालिटी एण्ड सोसियल इनक्लुजन (जेसी) फ्रेण्डली पब्लिक ट्वाइलेट। यो उपत्यकामै पहिलो निःशुल्क चर्पि हो। *तस्बिर : ज्ञानकुमार महर्जन*

# कीर्तिपुर नगरभित्र लैङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन

कीर्तिपुर नगरपालिका भित्र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मंसिर ९ गतेदेखि शुरु हुने भएको छ। नगरपालिकाका १० वटै वडामा सञ्चालन गरिने यस कार्यक्रममा लैंगिक हिंसा विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गर्ने भएको हो। प्रत्येक वडामा सम्बी( न्धत वडाअध्यक्षकै संयोजकत्वमा कार्यक्रमहरू गर्ने र विशेषरुपमा आ-आफ्ना वडामा भएका स्कूललाई लक्षित गरी कार्यक्रम गर्ने जनाइएको छ।

कीर्तिपुर नगरपालिका वडा नं. १०का वडाध्यक्ष अमन महर्जनले आफ्नो वडामा भएको मंगल स्कूलमा कार्यक्रम गरी अभियान शुरु गर्ने बताउनु भएको छ भने वडा नं. ६ मा समापन गर्ने जानकारी दिनु भएको छ। विभिन्न संघसंस्थाहरूले सहयोग गर्ने उक्त अभियानलाई प्रभावकारी बनाउनका लागि प्राविधिक तथा सम्बन्धित विषयको नाटक समेत प्रस्तुत गर्ने जनाइएको छ।



मंसिर ४ गते नगरपालिकाको शिक्षा शाखाको हलमा भएको एक छलफल कार्यक्रममा नगरपालिकाका उपमेयर सरस्वती खड्कासहित वडा नं. ३ का अध्यक्ष राजेन्द्र महर्जन, वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, वडा नं. ५ का अध्यक्ष राजेन्द्र महर्जन, वडा नं. ६ का अध्यक्ष न्हुच्छेबहादुर महर्जन, वडा नं. ९ का अध्यक्ष गंगाराम महर्जन र वडा नं. १० का अध्यक्ष अमन महर्जन र वडा सदस्यहरूको समेत उपस्थिति रहेको थियो।

# किपुलिइ साहित्य नखः हन




लोकंह्वाःगु नेपालभाषाया न्हिपौ नेपालभाषा टाइम्सया ग्वसालय् थ्वहे मंसिर ६ व ७ गते निन्हुयंकं जूगु स्वक्वःखुसी साहित्य नखःया प्रचार यायेकथं किपुलिई बःचाधंगु किपू साहित्य नखः जूगु दु। स्थानीय ब्यांचुलि सांँस्कृतिक पुचः, किपूलिसें सहकार्ययानां मंगल मा.वि.इ वंगु कार्तिक ३० गते थुगु ज्याइवः जूगु खः।

ज्याइवलय् "किपूया सम्पदा व पर्यटनया सम्भावना" विषयया किपू नगरपालिकाया पर्यटन कवःया कजिलिसें २ नं वडाया अध्यक्ष रमेशमान डंगोल व डा. चन्द्रमान बज्राचार्यं थःथःगु नुगः खँ तयादीगु खः। थीथी व्यक्तिपिंसं न्यंगु न्ह्यसया लिसःबियादिसें डा. बज्राचार्य किपुलिई पर्यटक त दुकायेगु खःसा सांँस्कृतिक रुपं नांजाःगु थासय् तःतःजाःगु छैंत दंके बीमज्यूगु धयादिल। अथेहे वडाअध्यक्ष डंगोलं किपूयात पर्यटकीय रुपं विकासया नितिं नगरपालिकां थीथी योजनात दयेकाच्वनागु जानकारी बियादिसें सम्बन्धित विज्ञतलिसें जाना किपूयात होमस्टेया नितिं बांलाःगु थायेकथं विकास यायेगु ज्या जुयाच्वंगु कनादिल।


ज्याभ्वलय् किपू, येँ व ख्वपया थीथी साहित्यकारपिंसं थःथःगु साहित्य रचना पाठयानादीगु खः। लोककवि राजभाई जःकमि, रजनी मिला, रुपा शाही, नर सागर श्रेष्ठ, नरेन्द्र महर्जन, अर्जुन नेपाःमि, कुलबहादुर महर्जन, राजेन्द्रकुमार पुता, शम्भुराम महर्जन, दिलिप शाही, नवीन प्रकाश श्रेष्ठपिंसं कविता ब्वनान्यंकादीगु खःसा राज सायूमि व लक्ष्मीकुमार महर्जनं बाखँ ब्वनादीगु खः। ब्यांचुलि सांँस्कृतिक पुचः, किपूया दांभरि ज्ञानकुमार महर्जनं लसकुस यानादीगु ज्याभ्वलय् नेपालभाषा टाइम्स न्हिपौ पिथनाच्वंगु सन्ध्या टाइम्स पिथना प्रा.लि.या नायः रमेशकाजी स्थापितं सुभाय् बियादिसें प्रज्ञाभवनय् जुइगु स्वक्वःगु साहित्य नखःतय् नं ब्वतिकयादीत इनापयानादिल। थुगु ज्याइवः किपू नगरपालिकाया ग्वहालिइ जूगु खः।

# किपू नगरपालिकां थःगु ख्वाःपौ "नगर सन्देश" वाःपौ पिथन

किपू नगरपालिकां थःगु ख्वाःपौ (बुलेटिन) पिथंगु दु। "नगर सन्देश" नामं पिथंगु थुगु बुलेटिनया सोमवाः मेयर रमेश महर्जन व उपमेयर सरस्वती खड्का रिजालं विमोजन यानादीगु खः। नगरपालिकाय् जूगु बःचाहाकःगु ज्याइवलय् उपमेयर रिजालं वाःपतिकं सोमवाः कुन्हु पिदनीगु थुगु ख्वाःपौ (बुलेटिन) मद्दिक पिथनेगु जूगुलिं नगरया हरेक ज्याखँत फयांफत्तले कःघायेगु धयादिल। थुगु पौ न्हापांगु जूगुलिं मगाःमचाः व द्वंविद्वं नं दयेफुगु धयादिसें सकसियां सल्लाह सुझावं भिंकायंकेगु धयादिल।

नगरपालिकापाखें यानाच्वंगु यक्व हे विकास निर्माणया ज्या लिसें आर्थिक, सांँस्कृतिक व सामाजिक ज्यात यक्व हे नगरय् जुयाच्वंसां नं थजाःगु ज्याखँया उचित प्रसार प्रसार याये मखंगुलिं नगरबासीतयूत इलय् हे सुसूचित यायेगु तातुनां थुगु बुलेटिन पिथनागु न्ह्यथनादिल। नगरपालिकाया हरेक ज्याखँ त पारदर्शीढंगं न्ह्यांवनाच्वंगु व पारदर्शीकथं हे न्ह्याकायंकेगुलिइ थुगु "नगर सन्देश" बुलेटिनं सकारात्मक भूमिका म्हितिगु न्ह्यथनादिल। नगरपालिकाया हरेक सुचं त सहित नगरया गतिविधि कःघाइगु थुगु बुलेटिन नगरया हरेक छैंय् छैंय् थ्यंकेगु कुतः जुइगु नं जानकारी बियादिल।

ज्याइवलय् नगरपालिकाया प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, लेखा अधिकृत मित्र प्रसाद घिमिरे, वरिष्ठ ईन्जिनियर बालकृष्ण महर्जन लगायत शाखा प्रमुखतयूगु समेत ब्वति दुगु खः।



## "नगर सन्देश" को सूचना

**यस बुलेटिनको आगामी अङ्कदेखि पाठक प्रतिक्रिया पनि समावेश हुने भएकोले आ-आफ्ना अमूल्य सुझाव सहित प्रतिक्रिया पठाइदिनु हुन अनुरोध छ।**

प्रतिक्रिया पठाउनु पर्ने ई-मेल ठेगाना

nagarsandes@gmail.com

## नेपालभाषा साहित्य नखतय्

# मेयरपाखें सफू विमोचन





लोकंह्वाःगु नेपालभाषाया न्हिपौ नेपालभाषा टाइम्सया ग्वसालय् निन्हुयंकया नेपालभाषा साहित्य नखः भ्रः भ्रः क्वचाःगु दु। यैं महानगरपालिकाया मेयर विद्यासुन्दर शाक्यं त्वाःदेवाय् मत च्याकाः उलेज्या यानादीगु ज्याज्वः यैंया प्रज्ञाभवनय् जूगु खः।

नेपालभाषा टाइम्सया सम्पादक सुरेशकिरण मानन्धरं लुसकुसयादीगु ज्याज्वलय् नेपालभाषाया थीथी न्हयूगु सफूया नं उलेज्या जूगु खः। उकी मध्ये किपूया नांजाःम्ह साहित्यकार राजेन्द्रकुमार पुताया निगू सफू नं उलेज्या जूगु खः। "गजलया सिद्धान्त व नेपालभाषाया गजल" (समालोचना) व "सुथया लिसः" (चिनाखँ मुना) या किपू नगरपालिकाया मेयर रमेश महर्जनं उलेज्या यानादीगु खः। सफूया उलेज्या यानादिसें मेयर महर्जनं नेपालभाषा साहित्य ख्यः गुलि विकास जुइमाःगु खः, उलि मजूगुलिं थजाःगु ज्याज्वःया महत्व यक्व हे दुगु कनादिल। भाषा व साहित्य छगू थें हे खःसां नं अलग अलग थें नं जूगु कनादिल। उकी नं साहित्य सिबें नं भाषा अति महत्व दुगु व भाषा ल्हायेदुसा हे जक वा ल्हाये सःसा हे जक साहित्यया अर्थ दइगुलिं न्हापां भाषा हे माःगु खँ कनादिल। दँयुदसं जुयाच्वंगु थुगु साहित्य नखः आइकिवं किपुलिइ ग्वसाः ग्वयेत इनाप यानादिसें माःगु ग्वहालि यायेगु धयादिल।

वंगु दँयू यलय् जूगु ज्याज्वलय् नं थःम्हं ब्वति कायेखंगुलिं लसता प्वंकादिसें उबले थःम्हं मेगु दँयू जुइगु ज्याभ्रवलय् थःम्हेसिनं नं छुं नं छुं साहित्य पाठ यायेगु धकाः धयादीगु बचंकथं कन्हय् कुन्हु शनिवाः कविता नं ब्वनान्यंकादीगु खः। ज्याज्वलय् रञ्जना लिपिया पुनरुत्थान, साहित्यकार मथुरा सायूमिया साहित्यिक यात्रा व भाषा साहित्यया विकासय् संकिपाया भूमिका विषयलय् सहलह/अन्तरक्रिया नं जूगु खः। थीथी साहित्यकारपिंसं साहित्य रचना त ब्वनान्यंकूगु ज्याज्वलय् क्यारिकेचर, म्यें व ख्यालः नं न्हयब्वःगु खः।

### नेपालभाषा साहित्य नखतय् मेयरजुं वाचन यानादीगु कविता

खुसियात न्ह्याक्व हे तःजाःगु बं दयेका थपनेमा -२
खुसिया न्ह्यांवनेगु गतियात ताः ई तक पने फइमखु-२
छाय्धाःसा खुसिया मेगु रुप धइगु हे गतिशीलता खः।
बिशाल समुद्रय् थ्व समायोजन जुइगु हे
खुसिया छगूयां छगू जक आज्जु खः -२

सुर्द्योयात न्ह्याक्व हे ख्वातुगु सुपाचं भुनेमा-२
सुर्द्योया जः ह्वलेगु नियमयात ताः ई तक
चिनां तये फइमखु -२
छाय्धाःसा सुर्द्योया मेगु रुप धइगु हे च्यानाच्वंगु मि खः
चाकलय् लुमुगु व यचुगु जः ह्वलाः-२
ख्यूगु कुलांयात जः थीकेगु हे सुर्द्योया
छगूया छगू जक आजु खः।

---

# लँ तःबलाः मयायेत निम्ह वडाध्यक्षयात ज्ञापन पौ

किपू नगरपालिका वडा नं. १ व २ या अध्यक्षपिं छसिकथं हर्ष महर्जन व रमेशमान डंगोलयात मंसिर ४ गते छगू/छगू ज्ञापन पौ लःल्हाःगु दु। वडा नं. १ या ज्याकू लायकू व वडा नं २ या ज्याकू, द्यःध्वाखाय् डेलिगेसन सहित वःगु पुचलं किपूया विष्णुदेवि अस्पताल चुकनिसें त्यांलँ चुकतक लँ तःबलाः यायेमते धकाः ज्ञापन पौ लःल्हाःगु खः।

नगरपालिकाया मापदण्डकथं उगु लँ ८ मिटर चौडाई जुइमाःगुलिं उगु लँ दयेकेत्यंगु खःसा स्थानीयबासीतय्सं धाःसा उगु लँ आः ४ मिटर चौडा जुयाच्वंगु हे गाःगुलिं तःब्या मयायेत धाःगु खः।

ज्ञापन पौ लःल्हानाकयादिसें २ नं वडाया अध्यक्ष डंगोलं नगरपालिकाया मापदण्डकथं दयेकेमाःगुलिं उगु लँ दयेकेत्यनागु धयादिसें थथे लँ दयेकेबलय् सुंयातं नं मर्का मजुइक सकलसियानापं खँ ब्याका जक उगु लँ तःबलाः यायेगु प्रतिबद्धता प्वंकादीगु खः।

# कीर्तिपुरका जेष्ठ नागरिकलाई सम्मान तथा न्यानो कपडा वितरण

जाडो महिना शुरु भएदेखि जेष्ठ नागरिकहरूलाई गाह्रो हुने कुरालाई मध्यनजर गर्दै कीर्तिपुर नगरपालिकाले न्यानो लुगा वितरण गरेको छ। नगरपालिकाले ८० वर्ष भन्दा माथिका नगरभित्रका जेष्ठ नागरिकहरूलाई मंसिर ७ गते शनिबार नगाउँस्थित बाघभैरव ब्याक्वेटमा सम्मान तथा न्यानो कपडा वितरण गरेको हो।

कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले पानसमा बत्ति बालेर कार्यक्रमको उद्घाटन गर्न‘भएको हो। उद्घाटन पश्चात मेयर महर्जन, उपमेयर सरस्वती खड्का र वडाअध्यक्षहरूले कार्यक्रममा उपस्थित १४२ जना जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण गर्न‘भएको थियो। कार्यक्रममा उपस्थित हुन नसकेकाहरूलाई सम्बन्धित वडा कार्यालय मार्फत उक्त न्यानो कपडा वितरण हुने जनाइएको छ।



# पर्यटकहरूलाई कीर्तिपुरसम्म निःशुल्क यातायात

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन यस कीर्तिपुर नगरपालिकाले पनि विभिन्न कार्यक्रमहरू गरिरहेको छ। भखरै कीर्तिपुरलाई पर्यटकिय गन्तब्य बनाउन र यो विषयमा जानकारी गराउने उद्देश्यले कीर्तिपुर सम्बन्धि छोटो चलचित्रको प्रतियोगिता नै गर्ने घोषणा गरेको छ र प्रतियोगिताका कामहरू पनि भइनैरहेको छ। कीर्तिपुरमा पर्यटकहरूको आगमणलाई बृद्धि गर्न नेपालकै पर्यटकहरू बस्ने स्थान भनेर चिनिने ठमेलदेखि कीर्तिपुरसम्मको यातायातलाई निःशुल्क गरेको छ। कीर्तिपुर नगरपालिकाले निःशुल्क रुपमा चलाउने यस यातायात ठमेलदेखि कीर्ति

पुरसम्मको हुनेछ। हप्ताको २ दिन मंगलबार र शनिवार विहान ९:३० बजे सोह्रखुट्टेदेखि कीर्तिपुरसम्म र कीर्तिपुरबाट दिउँसो २:३० बजे फर्किने तालिका बनाएको छ। निःशुल्क यातायात बाहेक करीव २ घण्टा निःशुल्कै गाइड पनि गर्नेछ। स्थानीय खानाको लागि भने आफ्नो ईच्छाअनुसार खर्च गर्न सक्नेछ।

## कीर्तिपुर नगरपालिकाको सूचना

कीर्तिपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यहाँको मौलिक सामाजिक, साँस्कृतिक, ऐतिहासिक, मूर्त, अमूर्त सम्पदा, जीवनशैली लगायतका विविध विषयलाई समेटेर कीर्तिपुर सम्बन्धि चिहाः संकिपा धेंधेंबल्ला कासा (लघु चलचित्र प्रतियोगिता) (Short movie competition) आयोजना हुन गैरहेको सहर्ष जानकारी साथ ईच्छुक चलचित्रकर्मी तथा निर्माताहरूलाई मिति २०७६ मंसिर १२ गते कार्यालय समय भित्र Oneline story (Synopsis) प्रस्तुत गर्नहुन अनुरोध छ।

प्रतियोगिता सम्बन्धि नियम तथा अन्य जानकारीको लागि सम्पर्क :

- **लक्ष्मीकुमार महर्जन ९८४१३७३९४८**
- **अनुज प्रधान ९८४१२६७७०७**

**कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८**
**• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन :** ४–३३१३८१, ४–३३१६९३ (दर्ता) **• ई-मेल :** ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np
**• Facebook :** facebook.com/kirtipurmun **• Facebook :** Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com